## सिद्ध कुमाख गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

### ढोरचौर, सल्यान
### कर्णाली प्रदेश, नेपाल

प.स. २०८१।८२
च.न.

मिति २०८१/०७/२९ गते बस्ने कार्यपालिकाको बैठकमा अध्यक्ष द्वारा प्रस्तवित एजेण्डा :

१. सडक बोर्ड द्धारा विनियोजित सडक मर्मत सम्भार सम्बन्धि बजेट स्वीकृत सम्वन्धमा ।
२. बाल श्रममुक्त स्थानीय तह घोषणा सम्बन्धी कार्यविधि २०८१ सम्वन्धमा ।
३. कार्य स्थलमा आधारित सीप विकास तालिम र जीवन उपयोगी सीप तालिम सम्वन्धमा।
(Plumber Electrician, Road repair Maintenance, machinery, Carpenter)
४. अधिकृत (सातौ तह) नियुक्ति तथा पदस्थापना सम्बन्धमा ।
५. काजमा आएका कर्मचारी पदस्थापना सहमति सम्बन्धमा ।
६. करार तथा अनुदान शिक्षकको विदा सहुलियत सम्बन्धमा ।
७. किशान सुचिकरण कार्यक्रम संचालन सम्बन्धमा ।
८. उपभोक्ता समिति गठन तथा योजना संचालन सम्बन्धमा ।
९. सि.अ. मी. कमला वलीको अध्यायन विदा सम्बन्धमा
१०. विविध ।

**प्रस्ताव नं १   सडक बोर्ड द्वारा विनियोजित सडक मर्मत सम्भार सम्बन्धि बजेट स्वीकृत सम्वन्धमा ।**

**निर्णय नं १:**

सडक बोर्ड नेपालको मिति २०८१/०६/१३ को च.नं. ४३९ को पत्र अनुसार यस गाउँपालिका अन्तर्गत सडक मर्मत सम्भार कार्यका लागी रु १५ लाख बजेट स्वीकृत गरि पठाइएकोले उक्त बजेट द्वारा देहायको सडक मर्मत गर्ने सहमतिका लागि सडक बोर्ड नेपालमा लेखि पठाउने निर्णय गरियो। साथै सडक बोर्ड नियामावली २०६० को परिच्छेद ३ नियम ९बमोजिम गाउँपालिकाबाट समपुरक कोष २० प्रतिशत बेहोर्ने प्रतिवद्धता समेत व्यक्त गर्ने निर्णय गरियो ।

| क्र.स. | मर्मत गर्नु पर्ने सडक | ठेगाना | स्वीकृत बजेट |
|---|---|---|---|
| १. | डाँडाकटेरी कालालेख सडक | वडा नं २ र ३ | १५ लाख |

**प्रस्ताव नं २ बाल श्रममुक्त स्थानीय तह घोषणा सम्बन्धी कार्यविधि २०८१ स्वीकृत सम्वन्धमा ।**

**निर्णय नं २:**

सिद्ध कुमाख गाउँपालिकाको देहायको कार्यविधि स्वीकृत गरि गरि लागु गर्ने निर्णय गरियो ।

**"बाल श्रममुक्त स्थानीय तह घोषणा सम्बन्धी कार्यविधि २०८१"**

**प्रस्ताव नं ३ कार्य स्थलमा आधारित सीप विकास तालिम र जीवन उपयोगी सीप तालिम सम्वन्धमा ।**

**निर्णय नं ३:**

सिद्ध कुमाख गाउँपालिकाको चालु आ.व. २०८१/८२ को स्वीकृत शशर्त बजेट तथा कार्यक्रम अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ **कार्य स्थलमा आधारित सीप विकास तालिम र जीवन उपयोगी सीप तालिम** का लागि रु ९ लाख विनियोजन भइ आएकोले देहायको तालिम संचालन गर्ने निर्णय गरियो ।

- **Plumber**
- **Electrician**

**प्रस्ताव नं ४ अधिकृत (सातौ तह) नियुक्ति तथा पदस्थापना सम्बन्धमा ।**

**निर्णय नं ४:**

कर्णाली प्रदेश लोक सेवा आयोगको मिति २०८१/०७/२३ आ.व. २०८१/८२ च.न. १७५ को सिफारीस पत्र बमोजिम यस गाउँपालिका अन्तर्गत तपसिलका कर्मचारी सिफारिस भै आएकोले **कर्णाली प्रदेशको "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१"** को दफा १५ उपदफा (१) बमोजिम मिति २०८१/०७/२५ देखि लागु हुने गरी नियुक्ति तथा पदस्थापना गर्ने निर्णय गरियो ।

| सि न | नाम थर | पद | तह | सेवा/समुह |
|---|---|---|---|---|
| १ | सुरज पौडेल | कृषि अधिकृत | सातौं | कृषि सेवा |

**प्रस्ताव नं ५ काजमा आएका कर्मचारी पदस्थापना सहमति सम्बन्धमा ।**

**निर्णय नं ५:**

सिद्ध कुमाख गाउँपालिका र अन्य स्थानीय तहको दोहरो सहमतिका आधारमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय द्वारा यस गाउँपालिकामा कामकाज गर्ने गरि खटिएका देहायका कर्मचारीहरुले खटिएकै गाउँपालिकामा पदस्थापनाका लागि सहमति पाउँ भनी निबेदन पेश गरेकाले निजहरुलाई कर्णाली प्रदेशको "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१" को दफा १३६ को उपदफा (२) बमोजिम सिद्ध कुमाख गाउँपालिकामा पदस्थापनाका लागि सहमति प्रदान गर्ने निर्णय गरियो ।

| क्र.स. | कर्मचारीको नाम थर | पद/तह | सेवा/ समुह | पदाधिकार रहेको स्थानीय तह | कामकाजमा खटिएको मिति |
|---|---|---|---|---|---|
| १. | श्री राजेश बोहरा | अधिकृत छैटौं | प्रशासन | परिवर्तन गाउँपालिका रोल्पा | २०७८/०९/०४ |
| २. | श्री प्रतिभा वली (खड्का) | अधिकृत छैटौं | शिक्षा प्रशासन | जानकी गाउँपालिका बाँके | २०७९/०६/०६ |
| ३. | श्री सर्मिला चौधरी | कम्प्युटर अपरेटर पाँचौं | विविध | स्वमिकार्तिक खापर गाउँपालका बाजुरा | २०७८/०९/०४ |

**प्रस्ताव नं ६ करार कर्मचारी तथा अनुदान शिक्षक/कर्मचारीको विदा सहुलियत सम्बन्धमा ।**

**निर्णय नं ६:**

सिद्ध कुमाख गाउँपालिका अन्तर्गत गाउँपालिका वडा स्वास्थ्य संस्थाहरु तर्फ करारमा कार्यरत कर्मचारी तथा विद्यालयहरुमा कार्यरत अस्थायी राहत अनुदानमा कार्यरत करार शिक्षक/कर्मचारीहरुलाई देहाय बमोजिमको विदा सहुलियत प्रदान गर्ने निर्णय गरियो ।

तपशिलः

| सि न | विदाका प्रकार | दिन |
|---|---|---|
| १ | पर्व विदा | ६ |
| २ | भैपरि आउने विदा | ६ |

| | | |
|---|---|---|
| ३ | सुत्केरी विदा | ६० |
| ४ | सुत्केरी स्याहार विदा | १५ |
| ५ | क्रिया विदा | १५ |

**प्रस्ताव नं ७ किसान सूचिकरण कार्यक्रम संचालन सम्वन्धमा ।**

**निर्णय नं ७:**

किसान सूचिकरण कार्यक्रम विगतको वर्षमा वडा नं १,२ र ३ मा सम्पन्न भइ सकेकोले चालु आ व मा कार्यक्रम संचालन गर्न सिद्ध कुमाख गाउँपालिकाको वडा नं ४ र ५ छनौट गर्ने निर्णय गरियो । साथै उक्त कार्यक्रम संचालन सम्बन्धी कार्यविधि अनुसार सेवा सुविधा पाउने गरि ६ जना गणक भर्ना गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ८ उपभोक्ता समिति गठन तथा योजना संचालन सम्बन्धमा ।**

**निर्णय नं ८:**

चालु आर्थिक वर्ष २०८१/८२ मा योजना संचालन तथा विकास निर्माणका कामलाई प्रभावकारी बनाइ समयमा नै सम्पन्न गर्न सबै वडा तथा शाखाहरलाई आ आफ्नो जिम्मेवारी अनुसार क्रियाशिल गराउने र उपभोक्ता समितिबाट कार्यान्वयन हुने योजनाहरु संचालन हुने योजनाहरुको समिति गठन मिति २०८१ पौष १५ गतेसम्म सम्पन्न गर्ने गरि काम गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ९ सि अनमी कमला वलीको अध्यायन विदा सम्बन्धमा ।**

**निर्णय नं ९:**

यस गाउँपालिका स्वास्थ्य चौकी बाँझकाँडामा कार्यकरत सि.अ.मी.पाँचौ तह श्री कमला वली (क.स.नं. २२१४४५) ले त्रिभुवन विश्वविद्यालय अन्तर्गत संचालन हुने स्नातक तह BNS विषयमा अध्यायनका लागी चिकित्सा शिक्षा आयोग द्धारा मिति २०८१।०५।०४ लिएको प्रबेश परीक्षामा निर्धारित विद्यार्थी कोटा अन्तर्गत पुर्ण छात्रवृति तर्फ प्रबेश परीक्षा उतिर्ण गरी महाराजगंज नर्सिङ क्याम्पस काठमाण्डौंमा भर्ना समेत भइसकेको भन्ने निबेदन प्राप्त हुन आएकोले निजलाई नेपाल स्वास्थ्य सेवा नियामावली २०५५ को नियम ५३ उपनियम १ बमोजिम तलवी अध्यायन विदा स्वीकृतिका लागी सिफारिस गरि पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं १० बिविध ।**

**निर्णय नं १०:**

USAID र नेपाल सरकारको संयुक्त साझेदारीमा हाल कार्यान्वयममा रहेको समतामुलक र समाबेशी शिक्षा कार्यक्रम (मावि तह) संचालनका लागि सिद्ध कुमाख गाउँपालिका छनौट भएकोले उक्त कार्यक्रम कार्यान्वयन गर्न गाउँपालिकाबाट आवश्यक सहयोग तथा समन्वय गर्ने निर्णय गरियो ।